# २०८०/०४/०१ गते देखि २०८०/०१/२० गते सम्मको

# कार्यप्रगति विवरण

## रोजगार सेवा केन्द्र

## खानीखोला गाउँपालिका, काभ्रेपलाञ्चोक

# संबैधानिक व्यवस्था




## धारा ३३ रोजगारीको हक:

(१) प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ । रोजगारीका शर्त, अवस्था र बेरोजगार सहायता संघीय कानून बमोजिम हुनेछ ।

(२) प्रत्येक नागरिकलाई रोजगारीको छनौट गर्न पाउने हक हुनेछ ।

# कार्यक्रम सम्बन्धी ऐन, नियम, निर्देशिका र मापदण्डहरु

**रोजगारीको हकसम्बन्धी ऐन, २०७५**

तथा

**रोजगारीको हकसम्बन्धी नियमावली, २०७५**

र

**प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५**

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
प्रधानमन्त्री रोजगार कार्यक्रम
सिंहदरबार, काठमाण्डौ
२०७५ फागुन

---

**कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६**

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
प्रधानमन्त्री रोजगार कार्यक्रम

२०७६ कार्तिक

---

**प्रधानमन्त्री रोजगार कार्यक्रम**

बेरोजगार सूची निर्धारण तथा प्राथमिकीकरण मार्गदर्शन, २०७६



नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

---

नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

**रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६**

**प्रस्तावना:** प्रत्येक स्थानीय तह अन्तर्गत रहने रोजगार सेवा केन्द्रको रोजगार संयोज दरबन्दीको पदमा करारमा कर्मचारी भर्ना गरी काममा लगाउन रोजगार संयोजकको पद सेवा सुविधा सम्बन्धमा व्यवस्था गर्न आवश्यक भएकोले नेपाल सरकार, मन्त्रिपरिषद् वा स्वीकृत गरी लागू गरिएको छ ।

**परिच्छेद-१**
**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस मापदण्डको नाम "रोजगार संयोजकको पदपूर्ति सम्बन्धी मापदण्ड, २०७६" रहेको छ।

---

**युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६**

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
प्रधानमन्त्री रोजगार कार्यक्रम
सिंहदरबार, काठमाडौं

# रोजगारीको हकसम्बन्धी ऐन तथा नियमावलीमा समेटिएका मुख्य प्रावधान

१८-५९ वर्ष उमेर समूहको नेपाली

↔

एक सय दिनको रोजगारी वा स्वरोजगारीमा संलग्न नभएको

↔

तोकिएको आम्दानी नभएको (१०० दिन बराबरको)

तोकिएको समयमा निवेदन दिइ स्थानीय पालिकाले प्रमाणित गरेका बेरोजगार व्यक्ति

↓

१. न्यूनतम (१०० दिनको) रोजगारी प्रत्याभूति

२. रोजगार सहायता पाउने अधिकार

३. निर्वाह भत्ता प्राप्त गर्ने अधिकार

## प्रधानमन्त्री रोजगार कार्यक्रमका आयोजनाहरुका उप क्षेत्रहरु

- नेपाल सरकार
- आई.डी.ए.
- आन्तरिक स्रोत

### सञ्चालित

नेपाल सरकार > (प्रधानमन्त्री रोजगार कार्यक्रम)

आई.डी.ए. > (युवा रोजगारीका लागि रुपान्तरण पहल > आयोजना )

आन्तरिक स्रोत > (स्थानीय तह)

# प्रधानमन्त्री रोजगार कार्यक्रमको

**१. समस्या**

- गरिबी र जोखिमताको अवस्था
- न्यून रोजगारी
- सहकार्य र संयोजनको अभाव

- नेपालको संविधानको धारा ३३
- रोजगारीको हकसम्वन्धी ऐन, २०७५

**२. सोच**

- सबैका लागि रोजगारीको प्रत्याभूति मार्फत नागरिकको जिवनस्तरमा सुधार

**३. लक्ष्य**

- आन्तरिक रोजगारीका अवसरमा बृद्धि र सामाजिक संरक्षणको प्रवर्धन

**४. उद्देश्य**

- रोजगार सेवा र सहायता
- दक्ष र सक्षम जनशक्ति तयार गर्ने
- विभिन्न क्षेत्रगत र तहगत समन्वय र सहकार्य स्थापना
- आन्तरिक रोजगार सिर्जनाका लागि

**५. चुनौति**

- मौलिक हकको सुनिश्चितता
- उत्पादनमूलक रोजगारीको सिर्जना
- लक्षित कार्यक्रमहरुको उपलव्धी बढाउन
- सुचनाको संकलन र

# आयोजनाको परिचय..........

| | |
|---|---|
| आयोजनाको लक्ष्य | रोजगारका अवसरको सिर्जना, सीप तथा क्षमता अभिबृद्धि र रोजगार सेवाको विस्तार मार्फत युवाहरुको लागि श्रम बजारको परिणाममा सुधार ल्याउने । |
| आयोजनाको उद्देश्य | (क) रोजगारमूलक सेवा र सुविधा सम्बन्धी प्रणालीको विकास तथा विस्तार गरी लक्षित वर्गको पहुँच अभिबृद्धि गर्ने,<br>(ख) रोजगारीका अवसर सिर्जना गर्ने, र<br>(ग) रोजगार सेवाको प्रवर्द्धन मार्फत बेरोजगारी दरलाई न्यूनीकरण गर्ने । |
| कार्यान्वयन | प्रधानमन्त्री रोजगार कार्यक्रमसंग आवद्ध भई स्थानीय तहसंगको सहकार्यमा सञ्चालन हुने । |

# कार्यक्रम कसको लागि ???????



बेरोजगार व्यक्ति र निजको परिवार



१८ देखि ५९ वर्षको उमेर समूह

# बेरोजगार ब्यक्ति को



एक आर्थिक वर्षमा न्यूनतम एक सय दिन रोजगारमा संलग्न नभएको



कम्तीमा तोकिए बमोजिमको आय आर्जन हुने स्वरोजगारमा संलग्न नरहेको



# प्रधानमन्त्री रोजगार कार्यक्रमको : सोच

**सबैका लागि रोजगारीको प्रत्याभूति मार्फत नागरिकको जिवनस्तरमा सुधार**

उद्देश्यहरु

- आन्तरिक रोजगार सिर्जनाका लागि नीतिगत पहल
- विभिन्न क्षेत्रगत र तहगत समन्वय र सहकार्य स्थापना
- दक्ष र सक्षम जनशक्ति तयार गर्ने
- रोजगार सेवा र सहायता

# प्रधानमन्त्री रोजगार कार्यक्रम

**कार्यक्रमको दीर्घकालीन सोच:** सबैका लागि रोजगारीको प्रत्याभूति मार्फत नागरिकको जीवनस्तरमा सुधार ल्याउनु यो कार्यक्रमको दीर्घकालीन सोच हुनेछ ।

**कार्यक्रमको लक्ष्य:** आन्तरिक रोजगारीका अवसरमा वृद्धि र सामाजिक संरक्षणको प्रवर्द्धन गर्नु यो कार्यक्रमको लक्ष्य हुनेछ ।

**कार्यक्रमको उद्देश्य:** यस कार्यक्रमको उद्देश्य देहाय अनुसार रहेका छन्:

(क) बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्न आवश्यक रोजगार सेवा र सहायता प्रदान गर्ने ।

(ख) दक्ष तथा सक्षम जनशक्ति विकास गरी आन्तरिक रोजगारी तथा स्वरोजगारीको प्रवर्द्धन र विस्तार गर्ने ।

(ग) सरकारी, निजी, सहकारी तथा गैरसरकारी क्षेत्रहरुबीचको समन्वय र सहकार्यमा थप रोजगारीका अवसर सिर्जना गर्ने ।

(घ) आन्तरिक रोजगारी सिर्जनाका लागि आवश्यक नीतिगत व्यवस्था गर्ने ।

(ङ) सार्वजनिक पूर्वाधारहरुको निर्माण, स्तरोन्नति र विस्तारमा योगदान गर्ने ।

(च) आन्तरिक रोजगारी सिर्जनासम्बन्धी अध्ययन अनुसन्धान गरी रोजगारीका नयाँ क्षेत्रहरुको पहिचना गर्ने ।



# प्रधानमन्त्री रोजगार कार्यक्रम
# बेरोजगार सूचीकरण तथा प्राथनमकीकरण मार्गदर्शन, २०७६

१. बेरोजगार व्यक्तिले वडा कार्यालयमा सूचीकृत हुन फाराम भरी बुझाउने ।

२. वडा कार्यालयले फाराम संकलन र प्रारम्भिक छानविन गरी निवेदनको सूची सहित रोजगार सेवा केन्द्रमा पठाउने ।

३. रोजगार सेवा केन्द्रले वडाबाट प्राप्त सूची सहितका फारामहरुलाई एकिकृत गरी स्थानीय निर्देशक समितिमा पेश गर्ने ।

४. स्थानीय निर्देशक समितिले फारामहरुको छानविन गरी गाउँ / नगर कार्यपालिकामा स्वीकृतिका लागि सिफारिस गर्ने ।

५. गाउँ / नगर कार्यपालिकाले बेरोजगार व्यक्तिको सूची स्वीकृत गर्ने ।

६. रोजगार सेवा केन्द्रले स्वीकृत सूचीका बेरोजगार व्यक्तिहरुको प्राथमिकताक्रम निर्धारण गरी सो को विवरण रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गर्ने ।

७. बेरोजगार व्यक्तिहरुको प्राथमिकताक्रम सहितको सूची सार्वजनिकिकरण गर्ने ।

| क्र. सं. | प्राथमिकताक्रम निर्धारणका आधार | अङ्क | कैफियत |
|---|---|---|---|
| १ | कृषि उत्पादन वा ज्याला मजदूरीले वर्षमा ३ महिना खान नपुग्ने परिवारको सदस्य (निवेदनको बुँदा नं. ९ (क) मा ३ महिना भन्दा न्यून भएमा) | ३० | |
| २ | निवेदक भूमिहिन वा सुकुम्बासी भएमा (निवेदनको बुँदा नं. १० को उत्तरमा "हो" उल्लेख भएको आधारमा) | २० | |
| ३ | एकल महिला घरमूली भएको परिवारको सदस्य (निवेदनको बुँदा नं. ११ को उत्तरमा "हो" उल्लेख भएको आधारमा) | ५ | |
| ४ | दलित, अल्पसंख्यक वा लोपोन्मुख समुदायको परिवारको सदस्य (निवेदनको बुँदा नं.३ मा उपलव्ध भएको पारिवारिक विवरणको आधारमा) | ५ | |
| ५ | बार्षिक एक सय दिनको रोजगारी वापत एक व्यक्तिले प्राप्त गर्ने न्यूनतम पारिश्रमिक (नेपाल सरकारले तोकेको) भन्दा कम नगद आय भएको परिवारको सदस्य (निवेदनको बुँदा नं.८ मा उपलव्ध विवरणको आधारमा) | | |
| | (क) नेपाल सरकारले तोकेको प्रतिदिनको न्यूनतम पारिश्रमिकका दरले एक सय | २५ | |

| | | | |
|---|---|---|---|
| | (ख) नेपाल सरकारले तोकेको प्रतिदिनको न्यूनतम पारिश्रमिकका दरले एक सय दिनको रोजगारी बापत प्राप्त हुने रकमभन्दा न्यून तर सो को पचास प्रतिशत भन्दा बढी रकम आय भएको परिवारको सदस्य भएमा | | |
| | (आफ्नै परिवारको अरु कुनै सदस्य प्राथमिकताक्रममा यस अगाडि नै समावेश भईसकेको रहेछ भने त्यसपछिका अरु सदस्यलाई यस बमोजिमको अंक दिइने छैन । तर, प्राथमिकताक्रममा परेको सदस्यको लिखित मन्जुरीनामाका आधारमा निजको सट्टा सोही परिवारको अर्को सदस्यलाई प्राथमिकतात्रममा राखि रोजगारीमा समावेश गर्न सकिनेछ । | | |
| ६ | कोहीपनि सदस्यलेस्वरोजगार नभएको वा सामाजिक सुरक्षा लगायतको सरकारी कोषबाट सुविधा नलिएको परिवारको सदस्य ( निवेदनको बुँदा नं. १४ मा उपलव्ध विवरणको आधारमा) | ५ | |
| ७ | शहिद परिवार वा बेपत्ता परिवारको सदस्य (निवेदनको बुँदा नं.१२ मा “हो” भन्ने उल्लेख भएको आधारमा) | ५ | |
| ८ | महिला बेरोजगार व्यक्ति (निवेदनको बुँदा नं.२ मा उल्लेख भएको विवरणको आधारमा) | ५ | |
| ९ | अन्य बेरोजगार व्यक्ति ० कूल अंक | ० | |
| | कूल अंक | १०० | |

# खानीखोला गाउँपालिका तथ्याङ्क

रिलोड

**८५४**

सूचीकृत बेरोजगार

| ५२५ | ३२९ | ० |
| --- | --- | --- |
| पुरुष | महिला | अन्य |


कुल सूचीकृत बेरोजगारी संख्याः ८५४
रोजगारीका लागि छनौट व्यक्तिको संख्याः ८३५
रोजगारीमा संलग्न व्यक्तिको संख्याः ६५०

# सूचीकृत बेरोजगारी व्यक्तिहरुको लागि रोजगार सेवा केन्द्रले तयार गरिएको बेरोजगारी कार्ड



# सूचीकृत बेरोजगारी व्यक्तिहरुको लागि रोजगार सेवा केन्द्रले तयार गरिएको बेरोजगारी कार्ड



# सूचीकृत बेरोजगारी व्यक्तिहरुलाई बेरोजगारी कार्ड वितरण



# सूचीकृत बेरोजगारी व्यक्तिहरुलाई बेरोजगारी कार्ड वितरण




सूचीकृत बेरोजगारी व्यक्तिहरुलाई
बेरोजगारी कार्ड वितरणको कार्य

# निर्वाह भत्ता दिने:

नेपाल सरकारले रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्युनतम रोजगार उपलब्ध गराउन नसकेमा एक आर्थिक वर्षमा मन्त्रालयले तोकेको न्युनतम पारिश्रामिकको एकसय दिन बराबरको रकमको पचास प्रतिशत बराबरको रकम मात्र निर्वाह भत्ता उपलब्ध गराइनेछ ।

निर्वाह भत्ता प्राप्त गर्ने बेरोजगार व्यक्तीले तोके बमोजिमको शर्तको पालना गर्नु पर्नेछ ।

क) परिवारको कुनै पनि सदस्यले तकिए बमोजिमको रोजगारी नपाएमा

ख) नेपाल सरकारले तोकेभन्दा कम वार्षिक आय भएका परिवारलाई

ग) परिवारको कुनै पनि सदस्य स्वरोजगार नभएमा

घ) परिवारको कुनै सदस्य वैदेशिक रोजगारीमा नगएकोमा

सरकारी कोष वा कुनै राष्ट्रको सेवा सुविधा नलिएको

# भेदभाव गर्न नहुनेः

प्रत्येक बेरोजगार व्यक्तिलाई रोजगार दिने सम्बन्धमा प्रचलित कानूनले कुनै खास वर्ग वा समुदायको लागि विशेष व्यवस्था गरेको अवस्थामा बाहेक त्यस्तो व्यक्तिको उत्पत्ति, वर्ण, धर्म, जातजाती, लिङ्ग, भाषा, क्षेत्र वैचारिक आस्था वा यस्तै कुनै आधारमा भेदभाव गर्न हुँदैन ।



# प्रधामनमन्त्री रोजगार कार्यक्रमका सम्बन्धमा वडा कार्यालयले देहायका कार्यहरु गर्नेछन् ।

(क) वडाभरीका बेरोजगार व्यक्तिले बेरोजगार व्यक्तिको सूचीमा दर्ताका लागि दिएकोनिवेदन संकलन गर्ने र रोजगार सेवा केन्द्रमा बुझाउने,

(ख) बेरोजगार व्यक्तिको पहिचान प्रक्रिया र रोजगारी प्रदान गर्ने प्रक्रियामा सिर्जनाभएका गुनासाहरुको संकलन गरी रोजगार सेवा केन्द्रमा बुझाउने,

(ग) वडास्तरका रोजगार आयोजनाहरुको तर्जुमा, कार्यान्वयन र अनुगमनमा गाउँकार्यपालिका वा नगर कार्यपालिकालाई आवश्यक सहयोग गर्ने,

(घ) गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले यस कार्यक्रमका सम्बन्धमा जिम्मा दिएका अन्य कार्यहरु गर्ने ।

# प्रधानमन्त्री रोजगार कार्यक्रम

## कार्यक्रमको क्षेत्रः

(क) यो कार्यक्रम संघ, प्रदेश र स्थानीय तीनै तहका सार्वजनिक निर्माण तथा अन्य सार्वजनिक क्षेत्रका आयोजना तथा कार्यक्रमहरुमा सञ्चालन गरिनेछ ।

(ख) संघीय सरकारका विषयगत मन्त्रालयहरु, प्रदेश सरकारका मन्त्रालयहरु र स्थानीय तहहरु आ-आफ्नो क्षेत्रभित्र यस कार्यक्रमको कार्यान्वयनमा जिम्मेवार हुनेछन्।

(ग) यो कार्यक्रम अन्तर्गत रोजगारी सिर्जनाका प्रमुख क्षेत्रहरुमा सडक, खानेपानी, ढल व्यवस्थापन, सिंचाई, ऊर्जा, सहरी विकास, शिक्षा, स्वास्थ्य, पूनर्निर्माण, पर्यटन, वन, सामुदायिक पूर्वाधार, कृषि तथा सहकारी, सूचना प्रविधि, वातावरण संरक्षण तथा जलवायु अनुकुलन वा रोजगार सिर्जना हुन सक्ने अन्य क्षेत्रलाई लिइनेछ ।

(घ) सार्वजनिक निर्माणका क्षेत्र बाहेक निजी, सहकारी तथा गैर सरकारी क्षेत्रमा समेत सम्बन्धित क्षेत्रसँगको सहकार्यमा रोजगारीको सिर्जना गरी न्यूनतम रोजगारीको सुनिश्चितता गर्न सकिनेछ ।

# आयोजनाका क्षेत्रहरु




**आयोजनाका प्रतिफल:** रोजगारी सिर्जना, लक्षित वर्गको सामाजिक र आर्थिक उन्नती, गरिबी तथा जोखिमतालाई न्यूनिकरण

# कार्यविधिले तोकेका रोजगार आयोजनाको ढाँचा





## कामका लागि पारिश्रमिक


सूचिकृत बेरोजगारलाई समूदायस्तरका पूर्वाधार निर्माणमा संलग्न गराई ज्यालाको रकमलाई नगदै भुक्तानी गर्ने ।



## ज्याला रकममा साझेदारी

कार्यान्वयनमा रहेका आयोजनाहरुमा श्रमिकको ज्याला वापतको रकम भुक्तानीमा पूर्ण वा आंशिक योगदान गर्ने ।




सडक सोलिङ योजनाको लागि ढुङ्गा बोक्ने
क्रममा सूचीकृत व्यक्तिहरु

# रोजगार आयोजनाका सम्भावित क्षेत्रहरुः

यो कार्यक्रम अन्तर्गत रोजगार आयोजनाका सम्भावित क्षेत्रहरु देहाय बमोजिम हुनेछन्:

(१) **कृषि, सहकारी तथा पशु विकासः** शीत भण्डार निर्माण, कृषि उपजहरुको प्रोशेसिङ प्लान्ट निर्माण, परम्परागत र प्लास्टिक पोखरी निर्माण, कृषि उपजको संकलन तथा बेचबिखन केन्द्र निर्माण, पर्ति जग्गामा खेती, खाली जग्गामा फलफूलका विरुवा रोप्ने, सामूहिक तथा सहकारी खेती, व्यवसायिक खेती तथा पशुपालन, कृषि वन कार्यक्रम, सहकारी संस्थाहरु, आदि ।

(२) **ऊर्जा, सिंचाई तथा नदी नियन्त्रणः** कूलो, बाँध, पैनी तथा नहर निर्माण एवं मर्मत सम्भार, जलविद्युत आयोजना र ट्रान्समिसन लाईन निर्माण तथा मर्मत सम्भार, नदी नियन्त्रण, पहिरो नियन्त्रण, आदि ।

(३) **खानेपानी तथा सरसफाईः** मुहान संरक्षण, पाईप बिछ्याउने, ट्यांकी, धारा र शौचालय निर्माण तथा मर्मत, ढल पूर्वाधार मर्मत वा सोही प्रकृतिका सरसफाइ सम्बन्धी पूर्वाधारजन्य क्रियाकलाप ।

(४) **वन तथा वातावरणः** वृक्षारोपण, वैज्ञानिक वन व्यवस्थापन अन्तर्गत थिनिङ्ग, प्रुनिङ्ग, अग्नि रेखा निर्माण लगायतका कार्यहरु, खाली जग्गामा फलफूलका बिरूवा रोप्ने, सडक र नदी खोला किनारमा रुख रोप्ने, गैर काष्ठजन्य वन पैदावार उत्पादन, व्यवसायिक निजी वन, निजी वन नर्सरी, जडिवुटी खेती, प्रशोधन र बजारीकरण, कृषि वन, वन पैदावारमा आधारित उद्योग स्थापना, वायो इन्जिनियरिङ्ग प्रविधि, संरक्षण पोखरी निर्माण, वातावरण संरक्षण तथा जलवायु अनुकुलन आदि ।

(५) **पर्यटन प्रबर्द्धन:** पर्यटकीय पदमार्ग, पर्यटन मार्गको निर्माण तथा मर्मत सम्भार, होटल तथा रेष्टुरेण्ट व्यवसायको प्रर्वद्धन, पर्यटन मार्गमा सेड निर्माण तथा होमस्टे लगायतका ग्रामीण पर्यटन, पर्या पर्यटन आदि ।

(६) **सडक यातायात:** एयरपोर्ट, सबै प्रकारका सडक, रेलवे, बसपार्क, पुल, कल्भर्ट आदिको निर्माण तथा मर्मत सम्भार ।

(७) **शिक्षा, युवा तथा खेलकूद:** साक्षरता अभियान, कम्प्युटर शिक्षा, विद्यालय खेलकुद कार्यक्रम र खेल मैदान, कवर्ड हल, स्टेडियम, विद्यालय भवन, पुस्तकालय आदि संरचनाकोनिर्माण तथा मर्मत सम्भार ।

(८) पुनर्निर्माण: सार्वजनिक र निजी भवन निर्माण, पुरातात्विक सम्पदाको पुनर्निर्माण आदि ।

(९) **सामूदायिक पूर्वाधार निर्माण:** पुस्तकालय, वाचनालय, जेष्ठ नागरिक क्लव, सामुदायिक भवन निर्माण तथा मर्मत सम्भार आदि ।

(१०) ठूला तथा राष्ट्रिय गौरवका आयोजनाको स्थानीय स्तरमा हुने निर्माण तथा मर्मत सम्भार लगायतका श्रममूलक कार्यहरु (माटोको काम, ग्याबियन वाल, ढुंगा कुद्ने, नाली बनाउने आदि) ।

(११) **सूचना तथा संचार प्रविधि:** नेपाल सरकारका मन्त्रालय, विभाग, कार्यालय तथा अन्य निकायहरु, प्रदेश सरकारका मन्त्रालय, निर्देशनालय तथा कार्यालयहरु, स्थानीय तहहरु र बैंक तथा वित्तीय संस्थाहरुको अभिलेख डिजिटाइजेशन गर्ने, बिजनेस प्रोसेस आउटसोर्सिंग, नलेज प्रोसेस आउटसोर्सिंग र आईटी इनेवलिंग सर्भिसेज आदि ।

(१२) **स्वास्थ्य :** स्वास्थ्य पूर्वाधारको निर्माण तथा मर्मत ।

# जौखोरिया कोठे गोरेटो बाटो



# सडक सोलिङ योजनाको कार्य निर्माणधिनको चरण




साल्मेको बताँसेडाँडा चौतारो निर्माण

# रोजगारीको हकसम्बन्धी ऐन तथा नियमावलीमा समेटिएका मुख्य प्रावधान - निर्वाह भत्ता पाउने अवस्था

**सूचिकृत बेरोजगारको परिवार**

- कुनै पनि सदस्यले तोकिएको रोजगारी नपाएको
- तथा
- नेपाल सरकारले तोके को भन्दा न्यून बार्षिक आय भएको
- तथा
- परिवारको कुनै पनि सदस्य वैदेशिक रोजगारीमा नगएको
- परिवारको कुनै पनि सदस्यले सरकारी कोष वा अन्य मुलुक वा राष्ट्रिय अन्तर्राष्ट्रिय संघ, संगठन वा अन्य कुनै संस्थाबाट नियमित निवृत्तिभरण वा अवकाश सुविधा लिइरहेको वा नेपाल सरकारको सहायता सम्बन्धी अन्य कोषबाट वा रोजगारदाताबाट नियमित रुपमा कुनै पनि किसिमको सहायता प्राप्त नगरेको

→ सम्बन्धित बेरोजगारले निवेदन दिने

→ स्थानीय तहले प्रमाणित गर्ने

→ मन्त्रालयले विवरण रुजु गरी मलेनिकामा पठाउने

→ परिवारले तोकेको व्यक्तिको बैङ्क खातामा जम्मा हुने


खहरे असन्चुली भित्रि सडक सोलिङ योजना


असन्चुली गोल्मे दरबार जाने गोरेटो बाटो

# चुनीखोला चित्रे सडक सोलिङ योजना अनुगमन




चुनीखोला चित्रे सडक सोलिङ योजना
अनुगमनको क्रममा

# सडक सोलिङ योजनाको कार्य निर्माणधिनको चरण




सडक सोलिङ योजना अनुगमनको क्रम



ढुङ्गा फुटाउने तथा ढुङ्गा जम्मा गर्दै श्रमिकहरु



ढुङ्गा फुटाउने तथा ढुङ्गा जम्मा गर्दै श्रमिकहरु


साल्मेको बतासेडाँडा चौतारो निर्माण


Galaxy A04s

खानीखोला गाउँपालिका रोजगार सेवा केन्द्र मार्फत गरिएको श्रम स्वीकृति तथा पुनः श्रम स्वीकृतिको  श्रम स्वीकृति पत्र हस्तान्तरण


खानीखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सालमेचाकल, काभ्रेपलान्चोक
बागमती प्रदेश, नेपाल
श्रमस्वीकृति गरि हस्तान्तरण गर्दै


कार्यसम्पन्न योजना संख्याः ९

निर्माणधिन योजनाको संख्याः ८

कार्य सम्पन्न भई भुक्तानीको चरणमा रहेको योजना संख्याः २

योजना सम्झौताको चरणमा रहेको योजना संख्याः २

# आगामि आ. व. को लागि सूचीकृत गाउँपालिका अन्तर्गका बेरोजगारी व्यक्तिहरुः


सूचीकृत बेरोजगार
५३७
पुरुष
५००
महिला
३३७

# कुनै जिज्ञासा वा सल्लाह/सुझाव ???



धन्यबाद !!!